श्री

उच्च अदालत पाटन

**एक न्यायाधीशको इजलास**

इजलास नं.२

**माननीय न्यायाधीश श्री कृष्णराम कोइराला**

**आदेश**

रिट निवेदन नं. ०८०-WO-१२८९

हात्तीसार स्थित कार्यालय रहेको लक्ष्मी सनराईज बैंक कर्मचारी संघको तर्फवाट अधिकार प्राप्त समेत संतोष खनाल.............................................निवेदक

विरुद्ध

लक्ष्मी सनराईज बैंक लिमिटेड समेत............................................................ विपक्षी

विषयः उत्प्रेषण ।

प्रस्तुत निवेदनपत्र सहितको मिसिल संलग्न कागजातहरू अध्ययन गरी निवेदकको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री शरद प्रसाद कोइराला र विद्वान अधिवक्ताहरू श्री माधव प्रसाद रेग्मी, श्री देवी रेग्मी, श्री प्रविन पौडेल, रिता निरौलाले गर्नु भएको बहस सुनियो।

यसमा के कसो भएको हो? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? माग बमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार, कारण र प्रमाण भए सबुद प्रमाण सहित म्याद सूचना तामेल भएका मितिले बाटाका म्याद बाहेक १५ दिन भित्र विपक्षी ४ को हकमा उच्च सरकारी वकिल कार्यालय पाटन र अन्य विपक्षीहरूको हकमा आफै वा आफ्नो कानून बमोजिमको प्रतिनिधि मार्फत लिखित जवाफ पेश गर्नुहोला भनी आदेश र निवेदनको प्रतिलिपि समेत साथै राखी विपक्षीहरुका नाममा म्याद सूचना जारी गरी रितपूर्वक तामेल गराई लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नुहोला।

अन्तरिम आदेशको माग भएको सम्बन्धमा विचार गर्दा, बैंकको नियमावली बमोजिम दिएको सुविधा अन्तर्गत कर्जा सापटीको फरक व्याजदरलाई तथा औषधी उपचारलाई कर्मचारीको आय मानी त्यसमा कर कट्टी गर्ने कार्य आयकर ऐन, २०५८ को दफा २(ज)(ज१) तथा यस्तै विषयमा ०७३-RB-०२०६ को आयकर सम्बन्धी मुद्धामा सम्मानित सर्वोच्च अदालतवाट भएको फैसला समेतको रोहमा विचारणीय भै उक्त विषयमा प्रस्तुत रिट निवेदनको अन्तिम आदेश हुँदा सम्बोधन हुने नै हुँदा तत्काल कर्जाको फरक व्याजदर तथा औषधी उपचार खर्चलाई कर्मचारीहरूको पारिश्रमिकमा समावेश गरी त्यसलाई आय मान्दा निवेदक कर्मचारीहरूलाई क्षति पुग्न जाने देखिई सुविधा सन्तुलनका दृष्टिले

अन्तरिम आदेश जारी गर्न मनासिव भएकाले प्रस्तुत निवेदनमा अन्तिम आदेश नहुँदा सम्म फरक व्याजदर एवं औषधी उपचार खर्चलाई कर्मचारीहरूको पारिश्रमिक आयमा समावेश गरी कर कट्टि नगर्नु नगराउनु भनी विपक्षीहरुको नाममा उच्च अदालत नियमावली, २०७३ को नियम ४२ बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ। आदेशको जानकारी विपक्षीहरुलाई दिनू।

न्यायाधीश

ईति सम्वत २०८० साल माघ १८ गते रोज ५ शुभम्.........................................................।